# कार्यपालिका बैठकको निर्णय

**(मिति २०७७ पौष ४ गते)**

**निर्णय नं. १ :-** यस नगरपालिकाको आठौ नगरसभा (आ.व. ०७७/०७८) को हिउदे नगरसभा ) को बैठकको मिति २०७७ /०९/२६ गते तय गरियो ।

**निर्णय नं. २ :-** यस नगरपालिकाको टीकापुर नगरपालिका "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि, २०७५मा तपसिल बमोजिम संशोधन गर्ने ।

तपसिल :

| सम्बन्धित दफा | हाल मौजुदा रहेको व्यवस्था | संशोधन पश्चात कायम हुने | कैफियत |
|---|---|---|---|
| दफा ३ इजाजतपत्रको अवधि र नवीकरण | माथि जुनसुकै कुरा उल्लेख भएता पनि आ.व. ०७४/०७५ को हकमा २०७४ चैत्र मसान्त सम्म पनि नविकरण हुन नसकेका फर्महरुको अध्ययन गरी कार्यपालिकाले नविकरण दस्तुरको तेब्बर दस्तुर लिई एक पटकका लागी २०७५ श्रावण मसान्त भित्र नवीकरण गरी दिन सक्नेछ । | माथि जुनसुकै कुरा उल्लेख भएतापनि कुनै आर्थिक वर्षको चैत्र मसान्त सम्म पनि नवीकरण हुन नसकेको फर्महरुको अध्ययन गरी मुनासिब कारण वा औचित्यका आधारमा कार्यपालिकाले नवीकरण दस्तुरको तेब्बर दस्तुर लिई आउँदो श्रावण मसान्त भित्र नवीकरण गरिदिन सक्नेछ , यस्तो मुनासिव कारण वा औचित्यका आधारमा एक भन्दा बढी आर्थिक वर्षको नवीकरणको हकमा पनि दिन सकिनेछ । तर यस्तो नवीकरण अधिकारको रुपमा दावी गर्न सकिनेछैन । | इजाजतपत्रको अवधि र नवीकरण अर्न्तगत प्रतिबन्धात्मक वाक्यांशमा संशोधन गरिएको |

**निर्णय नं. ३ :** यस नगरपालिकामा कार्यरत नगर प्रहरीहरुका लागि तोकिएको पोषाक नगरपालिकाको कार्यालयवाटनै खरिद गरी उपलब्ध गराउँदै आएकोमा चालु आ.व देखि सम्बन्धित व्यक्तिलेनै तपसिल बमोजिमको (यस अघी तोकिएको मापदण्ड बमोजिम हुने गरी ) पोषाकको व्यवस्था गर्ने र कार्यालयवाट प्रति व्यक्ति प्रति वर्ष रु. १५,००० । (पन्ध्र हजार मात्र) पोषाक खर्च उपलब्ध गराउने साथै चालु आ.व. ०७७/०७८ का लागि भैपरी चालु शिर्षकमा विनियोजित बजेट शिर्षकबाट खर्च व्यहोर्ने ।

**निर्णय नं. ४ :-**यस नगरपालिका क्षेत्र भित्र स्वास्थ्य क्लिनिक, पोलिक्लिनिक, डेन्टल क्लिनिक, प्रयोगशाला क्लिनिक तथा फार्मेसीहरुले व्यवसाय संचालनका लागि अनुमति माग गरी निवेदन पेश गरेकोमा यस नगर कार्यपालिकाको कार्यालय अन्तर्गत रहेको नगरस्तरिय स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिको मिति २०७७।०९।०३ गतेको बैठकको निर्णयबाट सिफारिस भए बमोजिम तपसिल वमोजिमका व्यवसायहरुलाई व्यवसाय संचालनको अनुमती प्रदान गर्ने ।

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

| सि.न. | क्लिनिक / पोलीक्लिनिकर अन्य क्लिनिकहरुको नाम थर | ठेगाना | सेवाको किसिम | कैफियत |
|---|---|---|---|---|
| १ | ललिता हेल्थ क्लिनिक | टीकापुर ४ | क्लिनिक | |
| २ | सुदुरपश्चिम डेन्टल केयर होम | टीकापुर १ | दन्त सेवा | |
| ३ | पूर्वपश्चिम डेन्टल क्लिनिक | टीकापुर १ | दन्त सेवा | |
| ४ | एल.एन.मेडिकल हल | टीकापुर १ | फार्मेसी | |
| ५ | सृजना मेडिकल हल | टीकापुर १ | फार्मेसी | |
| ६ | बी.एम.सी.पैथोलोजिकल ल्याब | टीकापुर १ | प्रयोगशाला सेवा | |
| ७ | जयलक्ष्मी प्याथोलोजी | टीकापुर १ | प्रयोगशाला सेवा | |

**निर्णय नं. ५ :-** टीकापुर साना शहरी खानेपानी उपभोक्ता तथा सरसफाई संस्था, टीकापुर कैलालीको प. स. ०७७/०७८, च.नं.४१, मिति २०७७/०९/०३ को पत्रवाट यस नगरपालिकामा संचालित टीकापुर सानाशहरी खानेपानी उपभोक्ता तथा सरसफाई संस्था र नगर विकास कोष बीच साना शहरी खानेपानी तथा सरसफाई आयोजनाको सुधार विस्तारको लागि स्तरोन्नती आयोजनाका लागि हुने ऋण सम्झौताको जमानीमा एक जना जनप्रतिनिधीलाई अख्तियारी तोकिदिने सम्बन्धमा अनुरोध भई आएकोमा यस नगरपालिकाका नगर प्रमुखलाई अख्तियारी तोक्ने निर्णय गरियो ।

**निर्णय नं.६ :-** टीकापुर नगरपालिकामा हाल कायम रहेको ९ वटा वडा संख्या तथा सीमाना अवैज्ञानिक देखिएको हुदाँ वैज्ञानिक हिसावले वडाको संख्या र सीमाना निर्धारण गरी विकास निर्माण तथा सेवा प्रवाहमा सहजता प्रदान गर्नका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-२, को दफा ६ मा भएको व्यवस्था बमोजिम यस नगरपालिकाको संख्या र सीमाना हेरफेर गर्नुपर्ने भएको हुँदा आवश्यक सहजीकरण, समन्वय गरी प्रस्तावना तयार गरी कार्यपालिकामा पेश गर्ने प्रयोजनका लागि तपसिल बमोजिमको कार्यदल गठन गर्ने ।

| क्र.सं | पदाधिकारीको नाम | तोकिएको पद | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. १, वडाअध्यक्ष श्री गंगाराम आचार्य | संयोजक | |
| २ | वडा नं. २ वडा अध्यक्ष श्री प्रकाश बहादुर वुडाथोकी | सदस्य | |
| ३ | कार्यपालिका सदस्य , श्री रमेश वि.क | सदस्य | |
| ४ | कार्यपालिका सदस्य, श्री डम्मर राजी | सदस्य | |
| ५ | कार्यपालिका सदस्य, श्री सीता देवी चौधरी | सदस्य | |
| ६ | नापी कार्यालय टीकापुर, कार्यालयको प्रतिनिधी | सदस्य | |
| ७ | पुर्वाधार विकास शाखा प्रमुख श्री नवराज जोशी | सदस्य सचिव | |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ७** :- यस नगरपालिकाको सामुदायिक विद्यालय सञ्चालन तथा विद्यालयका नीजि शिक्षक र कर्मचारी व्यवस्थापन अनुदान कार्यविधि, २०७७ स्वीकृत गर्ने ।

**निर्णय नं.८** :- ईलाका प्रशासन कार्यालय टीकापुर कैलालीको प.स. ०७७/०७८, च.नं.७७१ मिति २०७७/०७/२१ को पत्र सहित प्रविधिमा आधारित अभिलेख व्यवस्थापन मार्फत सेवा सुदृढीकरण योजना अनुरुप पुराना अभिलेख व्यवस्थापनको कार्यक्रम संचालनका लागि नागरिकता अभिलेख व्यवस्थापन कार्यक्रम सम्बन्धी प्रस्तावना यस नगरपालिका समक्ष पेश गरिएकोमा उक्त प्रस्तावना बमोजिम कार्यक्रम संचालनका लागि रु. १ लाख ८५ हजार चालु आ.व. का लागि भैपरी चालु शिर्षकमा विनियोजित बजेटवाट उपलब्ध गराउने ।

**निर्णय नं. ९** : क) नेपाल सरकार, भूमि सम्बन्धी समस्या समाधान आयोग, ताहाचल, काठमाडौं र टीकापुर नगरपालिका बीच भूमिहीन दलित, भूमिहीन सुकुम्वासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थीत बसोबासीलाई व्यवस्थापन गर्ने सम्वन्धमा आयोग र यस टीकापुर नगरपालिका बीच मिति २०७७/०९/०२ मा भएको समझदारी-पत्र वमोजिम कार्यान्वयनका लागि प्रक्रिया अघी बढाउने ।

ख) भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि, २०७७ को दफा ३ मा सहजीकरण समिति सम्वन्धी व्यवस्था रहेको र उक्त दफाको उपदफा १ (घ) मा गरिएको प्राब्धान वमोजिम कार्यपालिकाको दलित महिला सदस्यमा श्री शोभा नगार्जी र महिला सदस्यमा श्री उपमा देवी के.सी लाई तोक्ने ।

**निर्णय नं १०** : टीकापुर नगरपालिकाको आ.व. २०७७/०७८ को सातौं नगरसभावाट पारित नीति तथा कार्यक्रम वमोजिम सामाजिक सांस्कृतिक रुपमा उत्पीडनमा परेका दलित समुदाय, महिला, जनजाति, वैदेशिक रोजगारीवाट फर्किएका, आर्थिक हिसावले विपन्न, किसान, मजदुर, सीमान्तकृत लोपोउन्मुख समुदाय तथा वेरोजगार नगरवासीहरु वीच उद्यमशीलताको विकास एवं प्रवर्द्धन गर्न, स्वरोजगारी सिर्जना गर्न, निर्वाहमुखी परम्परागत कृषिलाई औद्योगिक एवं व्यावसायिक कृषिमा रूपान्तरण गर्न, व्यावसायिक पशुपन्क्षी पालनको विकास र प्रवर्द्धन गर्न, पर्यटन व्यवसायको विकास र प्रवर्द्धन गर्न, वन पैदावारमा आधारित उद्यम व्यवसाय लगायतका नगर क्षेत्र भित्र संभाव्य देखिएका उद्यम व्यवसायमा आकर्षित गरी लघु, घरेलु, साना एवं मझौला उद्योगको थप विकास र प्रवर्द्धन गर्न नगरवासीहरुलाई आवश्यक सहयोग गरी व्यवसायीक एवं उद्यमी बनाउन, विभिन्न प्रकारका स्वरोजगारमूलक तालिमहरु मार्फत सीपयुक्त आवश्यक दक्ष जनशक्तिको विकास गर्न एवं उद्यमशिलता विकासका लागि नगरवासीहरुलाई व्यवस्थित तथा योजनावद्ध ढंगले दीर्घकालिन सोंचका आधारमा उत्पादन तथा उत्पादकत्व वृद्धि अभियानमा परिचालन गरी नगरमा समाजवाद उन्मुख अर्थतन्त्रको विकास र विस्तारका लागि आधार निर्माण गर्न उल्लिखित लक्षित समूहमा कार्यक्रम कार्यान्वयन गर्न **मेयर उद्यमशीलता विकास कार्यक्रम** लागु गर्ने । कार्यक्रम लागु गर्न आवश्यक मार्ग

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

निर्देशन निर्माणगर्न, जनप्रतिधिनिहरुलाई अभिमुखीकरण गर्न एवं अन्य आवश्यक सहयोग र समन्वयका लागि परामर्शदाता छनौट गर्न नगरकार्यपालिकाको कार्यालयलाई जिम्मा दिने ।

**निर्णय नं.११** :- सुदुरपश्चिम प्रदेश, स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन,२०७६ मा तोकिएको मापदण्ड बमोजिम वडा अध्यक्षहरुका लागि ईन्धन सुविधाको व्यवस्था रहेको र यस टीकापुर नगरपालिकाको आ.व.०७७/०७८ का लागि स्वीकृत बजेट तथा कार्यक्रममा प्रशासनिक खर्च अन्तर्गत वडाको ईन्धन शिर्षकमा प्रति वडाका लागि मासिक रु.४०००।-(चार हजार) दरले रकम विनियोजन गरिएकोमा २०७७ श्रावण देखिनै वडाको ईन्धन रु.१५००।(एह हजार पाँच सय) उपलब्ध गराउने र सम्वन्धित वडा अध्यक्षको ईन्धन वापतको हुन आउने रकम सम्वन्धित वडा अध्यक्षको खातामा उपलब्ध गराउने ।

**निर्णय नं. १२** :यस नगरपालिकाको आ.व. ०७६/०७७ प्रदेश समपुरक अनुदानतर्फ संचालित ठेक्का नं NCB/61/ROAD/2076/077 " सुर्यपुर हुलाकी सडक देखि वडा कार्यालय हुँदै खकरौला भन्सार जोड्ने सडक कालोपत्रे निर्माण आयोजना,वडा नं ८,कैलालीको चालु आ.व. ०७७/०७८ मा गरिएको अ.ल्या.रकम फरक परेको सम्वन्धमा यस नगरपालिका कार्यपालिकाको कार्यालयको मिति २०७७/०९/०३ को निर्णयानुसार अपुग हुन जाने रकम रु.१,४५,१९६। (एक लाख पैतालिस हजार, एक सय छयानव्वे) "सामुदायिक विद्यालय रंगरोगन" कार्यक्रम/आयोजनाको ठेक्का रकमबाट बचत हुने रकमबाट भुक्तानी गर्ने ।

**निर्णय नं. १३** :- यस नगरपालिकाको गत आ.व. ०७६/०७७ र ०७७/०७८ मा स्वीकृत भई संचालनमा रहेका तपसिल बमोजिमका आयोजनाहरु विश्वब्यापीरुपमा फैलिएको कोभिड-१९का कारण देशमा भएको बन्दावन्दी, मौसमको प्रतिकुलता, सामाग्री अभाव लगायतका कारण समयमा संचालन हुन नसकेको हुँदा समयावधि थप गरीपाउँ भनि निवेदन पेश गरेको सम्वन्धमा समयावधि थपका लागि कार्यपालिकाको कार्यालयको मिति २०७७/०८/२९ मा पेश भएको टिप्पणी आदेश बमोजिम तपसिल बमोजिम समयावधी थप गर्ने ।

तपसिल :

| सी.न | आयोजनाको नाम | ठेक्का नं | निर्माण व्यबसायीको नाम | म्याद सकिएको मिति | म्याद थप गर्नु पर्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १.० | स्वास्थ्य सेवा भवन निर्माण निर्माण आयोजना,टिकापुर-२ ,कैलाली | NCB/32/BLD/2076/077 | श्री जय प्रभु निर्माण सेवा ,टिकापुर ,कैलाली | २०७७/८/३० | २०७७/११/३० | |
| २.० | स्वास्थ्य सेवा भवन निर्माण निर्माण आयोजना,टिकापुर-४ ,कैलाली | NCB/34/BLD/2076/077 | श्री निराजन कन्स्ट्रकसन | २०७७/८/३० | २०७७/११/३० | |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ,टिकापुर ,कैलाली | | | |
| ३.० | स्वास्थ्य सेवा भवन निर्माण निर्माण आयोजना,टिकापुर-९ ,कैलाली | NCB/36/BLD/2076/077 | श्री हिडा कन्स्ट्रकसन ,मेल्लेख ,अछाम | २०७७/८/३० | २०७७/११/३० | |

**निर्णय नं. १४ :-** यस नगरपालिकामा विभिन्न व्यक्ति/संघ/संस्थाहरुवाट विभिन्न कार्यक्रम संचालनका लागि तथा आर्थिक सहयोगका लागि विभिन्न मितिमा निवेदन पेश भएको सन्दर्भमा, तपसिल बमोजिमका व्यक्ति/संघ/संस्थाहरुलाई आ.व. ०७७/०७८ मा विनियोजित वजेटवाट तपसिल बमोजिम रकम विनियोजन गर्ने/उपलब्ध गराउने ।

तपसिल :

| क्र.सं. | कार्यक्रम /विवरण | संबन्धित व्यक्ति/संघ/संस्था | रकम | बजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| | **आर्थिक सहयोग सम्बन्धी विवरण** | | | | |
| १ | टीकापुर नगरपालिका वडा नं. १ निवासी पत्रकार मातृका प्रसाद उपाध्यायलाई ब्लडक्यान्सरको औषधोपचारको लागि आर्थिक सहयोग | सन्चारकर्मी समुह , टीकापुर | ५०,०००। | भैपरी चालु | स्वास्थ्य जटिलतामा आर्थिक अभाव भई समस्या परेको |
| २ | जिल्ला समन्वय समिति, धनगढी कैलालीमा कार्यरत जिल्ला समन्वय अधिकारी वीर बहादुर शाहीको औषधोपचारको लागि आर्थिक सहयोग | जिल्ला समन्वय समिति, धनगढी, कैलालीको प.स.०७७/०७८, च.नं.१०५,मिति २०७७/०७/०२को पत्र | ४०,००० | भैपरी चालु | |
| ३ | टीकापुर नगरपालिका,वडा नं. ७ निवासी नरेश्वर धमलाको औषधी उपचारका लागि आर्थिक सहयोग | वडा नं. ७, टीकापुर नगरपालिका, कैलाली | ३०,००० | भैपरी चालु | |
| ४ | वडा नं. १ स्थित भु.पु. कमैया शिविरका सीमा चौधरीलाई सहयोग | वडा नं. १ स्थित भु.पु. कमैया शिविर, टी.न.पा | २५,०००। | भैपरी चालु | अनुमोदन |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | जनचेतनामूलक अभियान संचालनका लागि आर्थिक सहयोग | नेपाल दलित मुक्ती अभियान | १५,०००। | भैपरी चालु | नेपाल दलित मुक्ती अभियान |
| **विभिन्न कार्यक्रमका लागि प्रस्तावना पेश गरेका संघ/संस्था/क्लब** | | | | | |
| ६ | सहारा घरमा बसीरहेका मानिसहरुका लागि न्यानो कपडा वितरण कार्यक्रम | समृद्धिका लागि साझेदारी नेपाल, टीकापुर १, कैलाली | ७०,०००। | सडक मानवमुक्त नगरपालिका कार्यक्रम | |
| ७ | खुला क्रिकेट कप (मिति २०७७ पौष १० देखि हाटबजारको खेल मैदानमा संचालन हुने) | टीकापुर युवा क्लब | २५,०००। | मेयरकप उपमेयर कप लगायत अन्य खेलकूद कार्यक्रम | |
| | | | | | |

**निर्णय नं. १५ :** यस नगरपालिका क्षेत्रभित्र अतिआवश्यक र तत्काल रुपमा गर्नुपर्ने आवश्यकता महशुष गरिएका तपसिल वमोजिमका आयोजना/कार्यक्रममा रकम विनियोजन गर्ने र कार्यान्वयनका लागि नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

| क्र.सं. | आयोजना तथा कार्यक्रमको नाम | ठेगाना | विनियोजित बजेट | बजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | टीकापुर बृहत पार्क (बंगला पार्क) को गेट नजिक रहेको खुला भागमा पर्खाल निर्माण | वडा नं. ५, टीकापुर नगरपालिका | १२,००,७५० | चालु आ.व. ०७७/०७८ को भैपरी पूँजीगत | |
| २ | वाह्य खोप केन्द्र भवन निर्माण कार्य | वडा नं. ३, टीकापुर नगरपालिका | २,९३,८१७ | चालु आ.व. ०७७/०७८ को भैपरी पूँजीगत | |
| ३ | कोभिड १९ अस्थाई अस्पताल (सिटी हल) मा महिलालाई अस्थाई शौचालय निर्माण । | वडा नं. १ स्थित सिटी हल,टी.न.पा | ९९,०००। | चालु आ.व. ०७७/०७८ को भैपरी पूँजीगत | |
| ४ | नारायणपुर स्वास्थ्य चौकी को भवन मर्मत सम्भार | वडा नं. ६, स्वास्थ्य चौकी,टी.न.पा | १,९०,६६०। | चालु आ.व. ०७७/०७८ मर्मत सम्भार कोष | |
| ५ | ज्योती नगर शहरी स्वास्थ्य केन्द्रको भवनमा झ्याल ढोका र ग्रील जडान | वडा नं. १,टी.न.पा | ४,५७,०००। | चालु आ.व. ०७७/०७८ को भैपरी पूँजीगत | |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

**निर्णय नं. १६ :-क)** यस  नगरकापालिकाको आर्थिक वर्ष ०७७/०७८ को आन्तरिक आयको ठेक्का बन्दोबस्तीको सम्बन्धमा कार्यपालिकाको मिति २०७७/०४/२६ गतेको निर्णय नं. २ (क) र (ख) बमोजिमका सम्बन्धित ब्यक्ति/ /फर्मलाई सम्झौताका लागि कार्यालयबाट पत्राचार गर्दा सम्पर्कमा नआएको भनि आवश्यक प्रक्रियाका लागि राजश्व परामर्श समितिको मिति २०७७/०७/१६ गतेको बैठकको निर्णयबाट सिफारिस भई आएकोमा सम्वन्धितहरुलाई सम्झौता गर्नका लागि ७ दिनको थप समयावधि दिने  र अन्य आवश्यक प्रक्रियाका लागि कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**ख**) यस नगरपालिका अन्तर्गत रहेको टीकापुर बृहत उद्यान (बंगला पार्क) को पूर्व पट्टि कर्णाली नदीमा विगतका वर्षहरुमा समेत र्‍याफ्टिङ्ग सेवा/व्यवसाय संचालनका सम्वन्धमा सम्झौता गरी आन्तरिक आम्दानी हुँदै आएकोमा चालु आ.व.०७७/०७८ मा र्‍याफ्टिङ्ग संचालनका लागि गरिने सम्झौतामा र्‍याफ्टिङ्ग संचालनका लागि न्यूनतम मापदण्ड पुरा गरेका फर्म/ब्यवसाय/ब्यक्तिहरुलाई अग्रिम एकमुष्ट ३ (तीन) महिनाका लागि रकम जम्मा गर्ने शर्तमा प्रक्रिया अगाडि बढाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने । राजश्व परामर्श समिति बैठकको मिति २०७७ मंसिर १४ गतेको निर्णय नं. १ मा र्‍याफ्टिङ्ग सेवा/ब्यवसाय शुल्क निर्धारणका लागि सिफारिस गरिएकोमा प्रतिदिन रु. १००० (एक हजार) दर निर्धारण गर्ने ।

**निर्णय नं. १७ :-क)** क्रसर उद्योग संचालन सँग सम्बन्धित विषयमा जिल्ला प्रशासन कार्यालय, धनगढी-कैलालीको प.सं.०७७/०७८, च.नं.१६८८, मिति २०७७/०८/११ को पत्र सहित प्रमुख जिल्ला अधिकारीज्यूको अध्यक्षतामा मिति २०७७/०८/०४ गते बसेको बैठकको निर्णयको प्रतिलिपी प्राप्त भएको र उक्त निर्णयको कार्यान्वयनका सम्बन्धमा यस नगरपालिकाको वडा नं. ८ मा अनक नागार्जुन क्रसर  (हुलाकी सडक अन्तर्गतको पुल निर्माण)का लागि स्थापना भएकोमा हाल रहेको प्रमाणित मौज्दात मात्र उक्त पुल निर्माण कार्यमा प्रयोगका बढीमा एक महिनाका लागि नियमानुसार दस्तुर लिई अनुमति प्रदान गर्ने ।

**ख**) हुलाकी राजमार्ग - निर्देशनालय योजना, धनगढी, कैलालीको प.स.०७७/०७८, च.नं. १६१, मिति २०७७/०७/१५ गतेको crusher Plant संचालन सम्बन्धमा  प्राप्त पत्रमा उल्लेख भएको निर्माण ब्यवसायी रायमाझी/गाल्वा/जगदम्वा जे.भि लाई संघीय सरकारबाट जारी ढुंगा, गिट्टी, बालुवा उत्खनन बिक्री तथा ब्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को अधिनमा रहने गरी स्वीकृती प्रदान गर्ने ।

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

**निर्णय नं. १८ :-** शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाई, धनगढी, कैलालीको प.स २०७७/०७८, च.नं.३०८, मिति २०७७/०६/१४ को सुरक्षित नागरिक आवास कार्यक्रम सम्वन्धमा प्राप्त पत्र अनुसार यस नगरपालिकाका लागि चालु आ.व. ०७७/०७८ मा सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ बमोजिम २९६ आवास इकाई संख्या रहेकोमा लाभग्राही छनौटका लागि सवै वडाहरुको वास्तविक तथ्यांक संकलन गरी पेश गर्ने सम्वन्धमा कार्यपालिका बैठकको मिति २०७७ असोज ३० गतेको निर्णयानुसार प्राप्त भएका वडागत विवरणहरुलाई छनौटका लागि पेश गर्ने ।

| वडा नं. | वडाबाट सिफारिस भई आएको खरको छाना रहेको घरधुरी संख्या | कैफियत |
|---|---|---|
| वडा नं. १ | ७० | |
| वडा नं. २ | २८ | |
| वडा नं. ३ | १६ | |
| वडा नं.४ | ७ | |
| वडा नं. ५ | ७४ | |
| वडा नं. ६ | ५१ | |
| वडा नं. ७ | ६२ | |
| वडा नं. ८ | ६३ | |
| वडा नं. ९ | ३३ | |

निर्णय नं.१९ :- नेपाल सरकार, वन तथा भू संरक्षण विभाग बवरहल, काठमाडौंको मिति २०७७/०८/२१ गते प्रकाशित स्थानीय तहको सझेदारीमा शहरी वन विकास कार्यक्रमको लागि प्रस्ताव आह्वान सम्वन्धी सूचनामा उल्लेख भए बमोजिम " स्थानिय तहको सँगको साझेदारीमा शहरी वन विकास कार्यक्रम संचालन कार्यविधि-२०७७" अनुसार तपशिलको योजना छनौट गरी स्वीकृतीका लागि अनुरोध गर्ने ।

**तपशिल :**

| क्र.सं | आयोजना/कार्यक्रमको नाम | लागत अनुमान | लागत साझेदारी | | कैफियत |
|---|---|---|---|---|---|
| | | | वन तथा भू संरक्षण विभाग | टी.न.पा | |
| १ | वडा नं.१ स्थित सार्वजनिक खुल्ला मञ्चको पूर्व र दक्षिण भाग तथा वडा नं.१ देखि ९ निर्माण भईरहेको कालोपत्रे सडकको पूर्वी किनारामा वृक्षारोपण सहित ट्री-गार्ड जडान कार्य | ५० लाख | ३५ लाख | १५ लाख | शहरी क्षेत्रको हरियाली प्रवर्द्धन तथा सौन्दर्य अभिबृद्धि गर्न |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत